प्रदेश सरकार

# यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय

# यातायात व्यवस्था कार्यालय सवारी

प्रदेश नं. १, सुनसरी

## प्रदेश नं. १ को प्रदेश आर्थिक ऐन, २०७८ को अनुसूची २ को बुँदा नं. १५, १६, १७, १८ र १९ मा भएका सवारी सम्बन्धी छुट व्यवस्थाहरू

| बुँदा नं. | छुट सम्बन्धी व्यवस्था |
|---|---|
| १५ | बीस वर्ष आयु पुरा भई सार्वजनिक सवारी साधन स्क्र्यापमा गएको वा सञ्चालन गरी जफत गरिएको वा सवारी दुर्घटनामा परी स्क्र्यापमा गई लामो समयसम्म सञ्चालनमा नरहेको अवस्थामा त्यस्ता सवारी साधनले वार्षिक रूपमा तिर्नुपर्ने सवारी कर नतिरेको कारणले दर्ता खारेजी गरेको रहेनछ भने एक पटकका लागि त्यस्ता सवारी साधनमा लाग्ने करमा एक आ.व. २०७८/०७९ को सवारी कर मात्र २०७९ असार मसान्तसम्म बुझाएमा त्यस्ता सवारी साधनको लगत कट्टा गरी दर्ता प्रमाणपत्र खारेजी गरिनेछ। |
| १६ | कुनै सवारी दुर्घटनाग्रस्त भई चेसिस, इन्जिन वा बडी काम नलाग्ने अवस्था भएको वा बाढी पहिरो तथा नदीमा डुबी नभेटिने अवस्था भएमा त्यस्ता सवारीहरूको लगत कट्टा गरी सवारी दर्ता प्रमाणपत्र खारेज गर्ने अवधिसम्म कर असुल गर्न बाँकी रहेछ भने त्यस्ता सवारी सञ्चालन भएको अवधिको मात्र कर असुल गरी लगत कट्टा गर्न सकिनेछ। |
| १७ | कुनै सार्वजनिक वा निजी सवारी पाँच वर्ष भन्दा बढी अवधिको सवारी साधन कर तिर्न बाँकी रहेछ भने र त्यस्तो सवारीको धनीले लगत कट्टा गरी प्रमाणपत्र खारेज गर्न चाहेमा एक पटकको लागि पछिल्लो तीन आर्थिक वर्षको सवारी साधन कर २०७९ असार मसान्तभित्र असुल गरी दर्ता किताबबाट लगत कट्टा गरी सवारीको दर्ता प्रमाणपत्र खारेज गर्न सक्नेछ। |
| १८ | कुनै सार्वजनिक सवारीले दश वर्ष भन्दा माथि जतिसुकै आर्थिक वर्षको सवारी कर तिर्न बाँकी रहेछ भने एक पटकलाई पचास प्रतिशत सवारी साधन कर तिरी सवारी सञ्चालन गर्न पाउनेछ। तर बीस वर्ष अवधि पुगेको हकमा यो छुट लागू हुनेछैन। |
| १९ | यस प्रदेश भित्र स्थायी ठेगाना भएका नागरिकहरूको स्वामित्वमा रहेको अन्य प्रदेशमा दर्ता भएका सवारी साधन यस प्रदेश भित्र सरुवा दर्ता गर्न ल्याएमा सरुवा दर्ता गर्दा लाग्ने सवारी दर्ता शुल्क पूर्ण रूपमा छुट गरिनेछ। साथै सो सवारीमा लाग्ने पहिलो वर्षको सवारी करमा समेत ५० प्रतिशत छुट दिइनेछ। |

०८१९।१८

नि० कार्यालय प्रमुख

प्रदेश सरकार

# यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय

# यातायात व्यवस्था कार्यालय सवारी

प्रदेश नं. १, सुनसरी

प.सं. : २०७८/७९

च.नं. : ~~9280~~ 9260

मिति : २०७९/०१/१५

**विषय :- सूचना टाँस गरिदिने सम्बन्धमा ।**

श्री धरान / इटहरी उप-महानगरपालिका,
श्री इनरुवा / बराहक्षेत्र / रामधुनी / दुहवी नगरपालिका,
श्री कोशी / गढी / देवानगंज / भोक्राहानरसिंह / बर्जु / हरिनगर गाउँपालिका,
सुनसरी, प्रदेश नं. १ ।

प्रस्तुत विषयमा प्रदेश आर्थिक ऐन, २०७८ को अनुसूची २ को बुँदा नं. १५, १६, १७, १८ र १९ मा सवारी सम्बन्धी विविध छुटहरूको व्यवस्था भएको र सोको बारेमा अझै पनि धेरै सरोकारवाला सेवाग्राहीहरू अनभिज्ञ रहेको देखिएकोले सो सम्बन्धी जानकारीमूलक सूचना यसै पत्र साथ संलग्न राखी पठाइएको छ । प्राप्त भएपछि तहाँ कार्यालयको सूचनापाटीमा टाँस गरिदिन हुन अनुरोध छ ।

२०७९।१।१५

राज कुमार गुप्ता
नि. कार्यालय प्रमुख
नि० कार्यालय प्रमुख